नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)
रुपन्देही

☎ ५७०१५८
५७०१५९
५७०१५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०८०/०८१
च.नं. ४०९५

मिति २०८०/०६/२५

विषय :- जानकारी पठाईएको सम्बन्धमा ।

श्री जिल्ला स्थित सबै स्थानीय तहहरु ।

प्रस्तुत विषयमा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको सन्तानले नेपाली नागरिकताको प्रमाण-पत्र पाउनका लागि आवेदन पेश गर्दा पेश गर्नुपर्ने सक्कल कागजात एवं जेपाल नागरिकता ऐन, २०६३ को दफा ७ क र नागरिकता नियमावली २०६३ (तेस्रो संशोधन, २०८०) नियम ८ क बमोजिम गैर आवासीय नागरिकता प्रमाण पत्र प्राप्त गर्न पेश गर्नुपर्ने कागजात सम्बन्धी सूचना पाना – २ यसै पत्रसाथ संलग्न छ। सोही सूचना बमोजिम गर्नु/गराउनुहुन अनुरोध छ।

श्री प्रशासन
१० वडा कार्यालयमा जानकारी पठाउने,
२ सबै कार्यालयको website मा राख्ने
राख्ने ।
२०८०।६।२८

२०८०।६।२५
बिक्रम थापा
प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बुटवल
दर्ता नं.:- ४३४४
दर्ता मिति:- २०८०।६।२५
दर्ता गर्नेको दस्तखत:-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)

☎ ५७०१५८
५७०१५९
५७०१५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०८०/०८१
च.नं.

मिति २०८०/०६/२४

**नेपालको आमाबाट नेपालमा जन्म भई नेपालमा बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको सन्तानले नेपाली नागरिकताको प्रमाण-पत्र पाउनका लागि आवेदन पेश गर्दा सक्कल गर्नुपर्ने कागजातहरु :**

१. अनुसूची – १ बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,

२. आमाको नेपाली नागरिकताको प्रमाण पत्र (आमाको मृत्यु भएको हकमा नागरिकता प्रमाण पत्र र मृत्यु दर्ता प्रमाण पत्र)

३. Online जन्मदर्ता प्रमाण पत्र,

४. निवेदकको शैक्षिक प्रमाण पत्र (अध्ययन गरेकाको हकमा)

५. आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित तथा पारिवारिक विवरण।

६. बसाईसराई गरी आएकाहरुको हकमा बसाई सराई दर्ता प्रमाण पत्र र जग्गाधनी प्रमाणपूर्जा/विद्युत वा खानेपानीको महशुल बिल।

७. निवेदकको जन्म नेपालमा भई नेपालमा नै वसोवास गर्दै आएको र निजको वावुको पहिचान हुन नसकेको व्यहोरा सहितको सम्बन्धित वडाको किटानी सिफारिस।

८. बावुको पहिचान हुन नसकेको व्यक्तिले अनुसूची – ४ क. बमोजिमको ढाँचामा र निजको आमाले अनुसूची – ४ ख. बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत समक्ष गरेको स्वघोषणा।

९. निवेदकको आमाको होस ठेगाना नरहेको अवस्थामा स्विकृत चिकित्सकले गरेको सिफारिस।

१०. रितपूर्वक प्राप्त निवेदन उपर तोकिएको प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत कार्यालयले थप वुझ्न आवश्यक ठानेका अन्य कागजातहरु।

२०८०/०६/२४

रामचन्द्र अर्याल
सहायक प्रमुख जिल्ला अधिकारी
एवं
सूचना अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
(प्रशासन शाखा)
☎ ५७०१५८
५७०१५९
५७०१५८
Email: daorupandehi@gmail.com
daorupandehi@moha.gov.np

पत्र संख्या : प्र./०८०/०८१
च.नं.

मिति २०८०/०६/२४

**नेपाल नागरिकता ऐन, २०६३ को दफा ७ क र नागरिकता नियमावली २०६३ (तेस्रो संशोधन, २०८०) नियम ८ क बमोजिम गैर आवासीय नागरिकता प्रमाण पत्र प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु :-**

१. अनुसूची - ८ ग. बमोजिम सम्बन्धित वडाको सिफारिश सहितको निवेदन,
२. निवेदकको नाता जोडिएको तीन पुस्ताभित्रको व्यक्तिको नागरिकता प्रमाण पत्र,
३. नेपालको नागरिकता त्याग गरेको प्रमाण /निस्सा,
४. विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,
५. सार्क सदस्य राष्ट्र बाहेकका देशमा बसोवास गरेको प्रमाण,
६. हाल नागरिक रहेको मुलुकवाट लिएको राहदानी,
७. अनुसूची – ८ घ. बमोजिमको प्रतिवद्धता पत्र र अनुसूची ८ च. बमोजिमको शपथ,
८. कार्यालयले थप वुझ्न आवश्यक ठानेका अन्य कागजातहरु (प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत)

नोट :- गैर आवासीय नेपाली नागरिकताको प्रमाण पत्र जारी गर्ने सन्दर्भमा गृह मन्त्रालयवाट System Update गर्ने कार्य भैरहेकोले उक्त कार्य सम्पन्न गरी निर्देशन प्राप्त भएपछि नागरिकताको प्रमाण पत्र जारी गर्ने कार्य प्रारम्भ हुनेछ ।

२०८०/०६/२४

रामचन्द्र अर्याल
सहायक प्रमुख जिल्ला अधिकारी
एवं
सूचना अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी